# भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेड
**Bhugol Energy Development Company Ltd.**

रजिष्ट्रार कार्यालय : का.म.न.पा. वडा नं. १०, बानेश्वर, काठमाडौं, फोन नं. ९८०२३४४७००
इमेल : info@bedc.com.np, वेबसाइट : www.bedc.com.np


# विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०६ गते

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**

भूगोल इनर्जि डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०८२ साउन ०५ गते साँझको ४:०० बजे कम्पनीको रजिष्टर्ड कार्यालय बानेश्वर, काठमाडौंमा बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८२ साल श्रावण २२ गते ।
समय : बिहानको ९:०० बजे ।
स्थान : काजी को किचन, पुरानो बानेश्वर, काठमाडौं ।

**विशेष साधारण सभाका प्रस्तावहरुः**

**क) प्रस्तावहरु :**

१. कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा र सो अनुसार प्राप्त हुने रकमको उपयोग बारेमा संचालक समितिले गरेको निर्णय सम्बन्धमा ।
२. अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने गरि प्रवन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
३. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरु समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
४. विविध

**संचालक समितिको आज्ञाले**
**कमपनी सचिव**

**विशेष साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :**

१ विशेष साधारण सभा प्रयोजनका लागि मिति २०८२/०४/१४ गतेका दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०४/१३ गतेसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन ।
२. शेयरधनी महानुभावहरुलाई विशेष साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी लगतमा कायम रहेको ठेगानामा ईमेल मार्फत पठाईनेछ । कारणवस कुनै शेयरधनी महानुभावहरुले विशेष साधारण सभाको सूचना प्राप्त गर्नु नभएको भएमा कम्पनीको रजिष्टर्ड कार्यालय थापागाउँ, नयाँ बानेश्वर - १०, काठमाडौंमा सम्पर्क गर्न सकिनेछ ।
३. विशेष साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो परिचय सहित उपस्थित हुन अनुरोध छ अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन । सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुहुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान ८:३० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ ।
४. विशेष साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, थापागाउँ, नयाँ बानेश्वर - १०, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ ।
५. विशेष साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौंमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन कम्पनी विदा हुन गएमा पनि उल्लिखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ ।
६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ ।
७. विशेष साधारण सभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको थापागाउँ, नयाँ बानेश्वर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
८. विशेष साधारण सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहानु हुने शेयरधनी महानुभावहरुले उक्त राय, सुझाव कम्पनीको आधिकारीक ईमेलः info@bedc.com.np मा पठाउन सक्नु हुनेछ ।
९. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयर लागत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
१०. शान्ति सुरक्षाका कारण विशेष साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला, ब्याग नल्याउनु हुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।